डुङ्गेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डाँडापराजुल, दैलेख

# बालकोष सञ्चालन कार्यविधि, २०८३

गाउँपालिकाःडुङ्गेश्वर

जिल्लाः दैलेख

प्रदेशःकर्णाली, नेपाल

कार्यपालिकामा पेश मितिः २०८३/०२/०५

पारित मितिः २०८३/०२/०५

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः सुन्दर कुमार के.सी.

पदः गाउँपालिका अध्यक्ष

# बालकोष सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ को उपदफा ५, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १२ (ग) २९ र दफा ७० अनुसार डुङ्गेश्वर गाउँपालिका भित्रका जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार र राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्ने तथा बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न डुङ्गेश्वर गाउँपालिकाले बालकोषको स्थापना वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले बालकोष सञ्चालन कार्यविधि, २०८३ बनाएको हो ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "बालकोष संचालन कार्यविधि, २०८३" रहेको छ।

(ख) यो कार्यविधि गाउँपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमाः**

(क) "बालकोष" भन्नाले यस कार्यविधिको दफा (४) बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय र सो शब्दले वडा कार्यालयलाई समेत सम्झनु पर्दछ ।

(ग) "जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा (४८) र यस कार्यविधिको दफा (११) मा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ।

(घ) "बालकोष सञ्चालक समिति भन्नाले कार्यविधिको दफा (५) मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ङ) "बालअधिकार समिति" भन्नाले गाउँपालिका स्तरिय बालअधिकार समिति भन्ने सम्झनुपर्छ

**३. बाल कोषको उद्देश्यः**

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

(ग) जाखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

(घ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

(च) बाल विवाह भई जोखिममा परेका बालबालिकाहरुलाई सहयोग गर्ने,

(छ) बाल श्रमिकमा रहेका वा बालश्रममा जान सक्ने बालबालिकालाई सहयोग गर्ने ।

**४. बाल कोषको स्थापनाः**

(क) डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका गाउँपालिका भित्रका बालबालिकाको संरक्षण गर्न गाउँपालिका स्तरीय एक बाल कोषको स्थापना गरिनेछ ।

(ख) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(१) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(२) डुङ्गेश्वर गाउँपालिकाले बाल कोषमा जम्मा गर्न पठाएको रकम

(३) विभिन्न संघ-संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम

(५) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**५. सञ्चालक समितिको गठन तथा सञ्चालनः**(१)गाउँपालिका स्तरीय बाल कोष सञ्चालनको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ अनुसार गठित गाउँपालिका स्तरीय तपशिल बमोजिमको बाल अधिकार समिति सञ्चालक समितिको रुपमा रहनेछ ।

तपशिलः

| | | |
|---|---|---|
| १. गाउँपालिका उयाध्यक्ष वा निजले तोकेको गाउँ कार्यपालिकाको सदस्य | १ जना | संयोजक |
| २. ६ वटै वडाका बाल अधिकार समितिका अध्यक्ष | ६ जना | सदस्य |
| ३. गाउँपालिका स्तरिय बाल संजालका बालक तथा बालिका | २ जना | सदस्य |
| ४. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | १ जना | सदस्य |
| ५. गाउँपालिकाको शिक्षा शाखा प्रमुख | १ जना | सदस्य |
| ६. गाउँपालिकाको केन्द्रमा रहको प्रहरी प्रमुख | १ जना | सदस्य |
| ७. गाउँपालिकाको न्यायिक शाखा प्रमुख | १ जना | सदस्य |
| ८. बालबालिका सम्बन्धि कार्य गर्ने गैरसरकारी संस्थाहरु मध्यबाट | १ जना | सदस्य |
| ९. बाल अधिकार कर्मी/ नागरिक समाज प्रतिनिधि मध्येबाट | १ जना | सदस्य |
| १०. गाउँपालिकाको प्रशासन शाखा प्रमुख | १ जना | सदस्य |
| ११. महिला तथा बालबालिका शाखा प्रमुख वा बाल कल्याण अधिकारी वा निजको काम गर्न तोकिएको कर्मचारी | | सदस्य सचिव |

(क) आवश्यकता अनुसार विकास साझेदार संस्थाका प्रतिनिधीलाई आमन्त्रीत सदस्यका रुपमा सहभागी गराउन सकिने छ ।

(ख) तोकिएको संरचना अनुसारका व्यक्तिहरु उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारका निम्ति कार्य गर्न सकिने अन्य कुनै व्यक्ति चयन गर्न सकिने छ ।

(ग) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक ५ वर्षमा वा आवश्यकता अनुसार गर्न सकिने छ ।

(२) बालकोषको खाता गाउँ कार्यपालिकाको निर्णय अनुसार नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्नु पर्नेछ । खाता सञ्चालन गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

**<u>६. बालकोष सञ्चालकका लागि संचालक समितिको काम, कर्तब्य र अधिकार:</u>**

(क) आपतकालिन वा जोखिम अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलन गर्ने गराउने ।

(ख) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने ।

(घ) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा सामग्री वा नगद सहयोग गर्ने,

(ङ) गाउँपालिकाबाट बालबालिका सम्बन्धी अन्य कार्यक्रम कार्यपालिकाबाट स्वीकृत कार्यक्रम भएमा स्विकृत कार्यक्रमको निर्देशिका अनुसार सहयोग गर्ने ।

(च) स्विकृत कार्यक्रम प्रभावकारी कार्यान्वयन भए, नभएको तथा सहयोग प्राप्त बालबालिकाको जिवन सुधार प्रगतिको सम्बन्धमा अनुगमन गर्ने,

(छ) बालबालिकाको सहयोगको लागि विभिन्न निकाय तथा संघ‘संस्थासँग समन्वय गर्ने,

(ज) सहयोग गरिएका बालबालिकाहरुको र सहयोगी संस्थाको विवरण अद्यावधिक गरि राख्ने

(झ) बालकोषको रकम बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,

(ञ) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक थप कामहरु गर्ने ।

**<u>७. बालकोष संचालन सम्बन्धमा संचालक समितिले देहायका कार्यहरु गर्न हुदैन:</u>**

(क) बालकोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्ने

(ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्ने

**<u>८.सञ्चालक समितिको बैठक:</u>** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि गाउँपालिका स्तरीय बाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

(क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।

(ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिमा तत्काल कायम रहेको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

**<u>९. सञ्चालक समितिको सम्पर्क स्थानः</u>** गाउँपालिकामा महिला तथा बालबालिका शाखा सम्पर्क कार्यालयको रुपमा रहनेछ ।

**<u>१०.लेखा परिक्षणः</u>** बाल कोषको लेखापरिक्षण डुङ्गेश्वर गाउँपालिकाको कार्यालयबाट हुनेछ ।

**<u>११. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः</u>**

(क) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेख गरिएका बालबालिकाहरु

(ख) यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

(ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित,

(घ) अपांगता भएका,

(ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा बिपद्मा परेका,

(च) हिंसाबाट प्रभावित एवं पिडित भएका,

(छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

(ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,

(झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका,

(ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

(ट) सुस्त मनस्थिति भएका,

(ठ) अपहरण वा शरीर बन्धकमा परेका,

(ड) सडक बालबालिका,

(ण) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

(त) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

(थ) बाल विवाह गरि विद्यालय छोडेका वा अन्य जोखिममा रहेका

(द) बालश्रममा संलग्न र बालश्रममा जानसक्ने अवस्था भएका बालबालिकाहरु

(ध) गाउँपालिका स्तरीय बाल अधिकार समितिले तोकेका अन्य बालबालिका ।

(ञ) सन्चालक समितिले आपतकालिन अवस्थामा रहेका भनि ठम्याएका अन्य बालबालिका

**<u>१२. सहयोगको लागि निवेदन दिन सक्ने:</u>**कार्यविधिको दफा ११ र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी डुङ्गेश्वर गाउँपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा वडा कार्यालय वा बाल अधिकार समितिको कार्यालयमा सम्बन्धित वडामा बसोबास गर्ने जुनसुकै सरोकारवाला/व्यक्तिले सम्पर्क कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**<u>१३. सहयोग दिने प्रक्रिया:</u>** प्राप्त निवेदनको आधारमा गाउँपालिका स्तरीय बाल अधिकार समिति र वडा वाल अधिकार समितिले प्राथमिकताको आधारमा सहयोगको लागि निणर्य गरि सहयोग प्रदान गर्नेछ। तत्काल आवश्यकता रहेका बालबालिकाहरुलाई सहयोग गर्नुपर्ने अवस्थामा बालबालिकाहरुलाई तत्काल बालकोषको खाताबाट सहयोग प्रदान गरिनेछ र प्रदान गरेको सहयोगलाई आगामि दिनको पहिलो बैठकबाट सहयोग गरिएको रकमलाई समितिको निर्णयबाट अनुमोदन गर्नु पर्नेछ ।

**<u>१४. प्रगति प्रतिवेदन:</u>** गाउँपालिका स्तरीय बाल अधिकार समिति र वडा बालसंरक्षण समितिले बालकोषबाट सहयोग गरेका बालबालिकाहरुको विवरण, बाल कोषको आय व्यय विवरण सहितको विस्तृत प्रतिवेदन तयार गरि वार्षिक कार्यप्रगति विवरण गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयहरुमा एक/एक प्रति पेश गर्नु पर्ने छ ।

**<u>१५. कोषको रकम फ्रिज नहुने:</u>** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**<u>१६. अन्य खर्च:</u>** कोषको सञ्चालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने यातायात वापत खर्च गर्न सक्नेछ ।

**<u>१७. कार्यविधिको संशोधन वा खारेज:</u>** यस कार्यविधिमा कुनै दफा संशोधन वा खारेज गर्न आवश्यक भएमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

**<u>१८. कोष खारेज हुन सक्ने अवस्था:</u>** कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरु सहित सञ्चालक समितिको सिफारिसमा गाउँ कार्यपालिकाले बालकोष खारेज गर्न सक्नेछ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिका स्तरीय बाल अधिकार समिति र बाल संरक्षण समितिको अगुवाईमा बालहितकारी कार्यक्रममा खर्च गर्न सकिनेछ । सो नभएमा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

आज्ञाले
श्रीसम्सेर रानामगर
प्रमुख प्रशासकीय अधिकृत